Union Network International (UNI) र नेपाल ट्रेड युनियन काँग्रेस (NTUC) सँग आबद्ध

# नेपाल वित्तीय संस्था कर्मचारी संघ

## राष्ट्रिय समिति

## बबरमहल, काठमाण्डौ, नेपाल

## स्थापित : २०४७

मिति : २०८३/०२/०६

## विज्ञप्ती

नेपालको बैंक, बीमा, लघुवित्त, पूँजी बजार तथा अन्य वित्तीय संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई संगठित गर्दै क्रियाशिल रहेको नेपाल वित्तीय संस्था कर्मचारी संघ **(FIEUN)**, राष्ट्रिय समितिले सरकारी तथा निजी क्षेत्रमा स्थापित भएका ५१ वटा वित्तीय संस्थाहरुका प्रतिष्ठानस्तरका ट्रेड यूनियनहरुको नेतृत्व गर्दै **वित्तीय क्षेत्रका सम्पूर्ण कर्मचारीहरुको पेशागत हकहितको संरक्षण एवं वित्तीय क्षेत्रमा पारदर्शिता, सुशासन कायम तथा मर्यादित कामको सिर्जना गरी यस क्षेत्रको विकास र स्थायित्व**का लागि निरन्तर क्रियाशिल रहँदै आएको छ ।

यसै सन्दर्भमा, ग्लोबल आइएमई बैंक, विराटनगरमा कार्यरत कर्मचारी श्री पिताम्बर खड्काको दुःखद निधनको घटनाले सम्पूर्ण बैंक तथा वित्तीय क्षेत्रका कर्मचारीहरूलाई गम्भीर रूपमा स्तब्ध बनाएको छ । यस अत्यन्त पीडादायी घटनाप्रति नेपाल वित्तीय संस्था कर्मचारी संघ (FIEUN), राष्ट्रिय समिति गहिरो दुःख व्यक्त गर्दै दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ तथा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

राज्यले अत्यावश्यक सेवा अन्तरगत राखेको बैंक तथा तथा वित्तीय क्षेत्रमा बढ्दो कार्यदबाब, अस्वाभाविक लक्ष्यको चाप, सीमित जनशक्तिबाट अत्यधिक काम गराइने प्रवृत्ति तथा कर्मचारीहरूको मानसिक अवस्थाप्रति पर्याप्त संवेदनशीलता नदेखाइने विषयले गम्भीर चिन्ता उत्पन्न गरिरहेको छ । निरन्तर तनावपूर्ण वातावरणमा काम गर्नुपर्ने अवस्था सिर्जना हुँदा कर्मचारीहरूको मानसिक स्वास्थ्य, पारिवारिक जीवन तथा पेशागत आत्मविश्वासमा नकारात्मक असर परिरहेको विषयलाई अब सामान्य रूपमा लिन मिल्दैन ।

**FIEUN को धारणा स्पष्ट छ कि कुनै पनि संस्थाको व्यावसायिक उपलब्धि वा नाफाभन्दा कर्मचारीको जीवन, सम्मान र मानसिक सुरक्षा महत्वपूर्ण हुन्छ ।** श्रम ऐन तथा नेपालको संविधानले सुनिश्चित गरेको सुरक्षित र मर्यादित कार्यवातावरण प्रत्येक श्रमिकको आधारभूत अधिकार हो । त्यसकारण कर्मचारीमाथि हुने अनावश्यक दबाब, मानसिक उत्पीडन वा अस्वस्थ कार्यसंस्कृतिलाई समयमै नियन्त्रण गर्न सम्बन्धित निकाय गम्भीर हुन आवश्यक छ ।

फोन : +९७७-१-५७०५३५६

Email : mail@fieunnepal.org.np, fieunrastriyasamiti@gmail.com, Web : www.fieunnepal.org.np

यस घटनाको सम्बन्धमा सत्यतथ्य बाहिर ल्याउन निष्पक्ष, स्वतन्त्र र पारदर्शी छानबिन गर्न FIEUN सम्बन्धित निकायसँग जोडदार माग गर्दछ । यदि घटनासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानसिक दबाब, दुर्व्यवहार, दुरुत्साहन वा गैरजिम्मेवार कार्यशैली जोडिएको पाइएमा कानुनअनुसार आवश्यक कारबाही गरिनुपर्दछ भन्ने हाम्रो स्पष्ट धारणा रहेको छ ।

साथै, बैंक तथा वित्तीय क्षेत्रमा स्वस्थ कार्यसंस्कृति निर्माण, उचित कार्यसमयको सुनिश्चितता, अतिरिक्त कार्यको व्यवस्थित व्यवस्थापन, पर्याप्त जनशक्ति कायम तथा कर्मचारीहरूको मानसिक स्वास्थ्य संरक्षणका लागि प्रभावकारी नीति अवलम्बन गर्न सम्बन्धित सम्पूर्ण पक्षसँग यस संघ आग्रह गर्दछ ।

मावनीय संवेदना, श्रम सम्मान र सुरक्षित कार्यवातावरणको सुनिश्चित्ता बिनाको वित्तीय क्षेत्र दिगो र विश्वासयोग्य हुन सक्दैन भन्ने विषयमा सम्पूर्ण सरोकारवाला पक्षको ध्यानाकर्षण गराउन चाहन्छौं ।

(विकाश श्रेष्ठ)
महासचिव

(परशुराम खनाल)
का.वा. अध्यक्ष